सभाबाट स्वीकृत मितिः २०७७/१२/०३

# इटहरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७

**इटहरी उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुनसरी, १ नं. प्रदेश, नेपाल**

# इटहरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७

**प्रस्तावना** : इटहरी उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक विपद् तथा अन्य विपद्बाट मानवीय जनधन र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, साँस्कृतिक सम्पदा र भौतिक संरचना संरक्षण गर्न एवम् विपद् जोखिम न्युनिकरण गर्न लगायत विपद् व्यवस्थापनको कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विपद् सम्बन्धि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले इटहरी उपमहानगरपालिकाको सातौं सभाबाट पारित गरि यो ऐन लागु गरिएकोछ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम "इटहरी विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७७" रहेको छ ।

(२) २०७७ श्रावण १ गते वा प्रमाणिकरण भएको मितिबाट लागुहुनेछ ।

**२. परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

ग) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाका कार्यपालिका सम्झनु पर्छ

ङ) "अन्य विपद्" भन्नाले महामारी,अनिकाल,डढेलो,कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिकफ्लू, सर्पदंश,जनावर आतङ्क, खानी, हवाई, सडक, औद्यागिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

च) "जिल्ला व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम सुनसरी जिल्लामा गठन भएको जिल्ला विपद्यवस्थापन समिति सम्झनुपर्छ ।

छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा ताकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ज) "नगरपालिका" भन्नाले इटहरी उपमहानगरपालिका सम्झनु पर्छ ।

झ) "प्रदेश विपद् व्यवस्थापन समिति"भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं १मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ट) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भुकम्प, ज्वालामुखि बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

ठ) "राष्ट्रिय कार्यकारी समिति"भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

ड) "राष्ट्रिय परिषद"भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद्जोखिम न्युनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

ढ) "राष्ट्रिय प्राधिकरण"भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

ण) "विपद्"भन्नाले कुनै स्थानमा अप्रत्याशीत तवरमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै कुनै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ ।

त) "विपद् खोज तथा उद्धार समुह"भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समुह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानविय सहायताकर्मीलाई समेत जनाउँछ ।

थ) "विपद् जोखिम न्युनिकरण"भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् जोखिमका अवधारणाहरुलाई समावेश गरेर मात्र गरिने काम सम्झनु पर्छ ।

द) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटना पछि गरिने पुननिर्माण एवम् पुनस्थापना सँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

ध) "विपद् प्रतिकार्य"भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहत सँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

न) "विपद् व्यवस्थापन"भन्नाले विपद् जोखिम न्युनिकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पुर्ण क्रियाकलाप सम्झनु पर्छ ।

प) "व्यावसायिक प्रतिष्ठान "भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

फ) "समिति" भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

ब) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

भ) "संघीय मन्त्रालय"भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

म) "सार्वजनिक संस्थ"भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद –२

## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकारी

३. **नगर विपद् व्यवस्थापन समिति** : १)नगरपालिका भित्रको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिमको एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | नगरप्रमुख | अध्यक्ष |
| ख) | नगरउपप्रमुख | उपाध्यक्ष |
| ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) | विषयगत समितिका संयोजक | सदस्य |
| ङ) | प्रतिनिधि, जिल्लाप्रशासनकार्यालय सुनसरी | सदस्य |
| च) | सामाजिक शाखा प्रमुख | सदस्य |
| छ) | पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ज) | नगरपालिकाको भौगोलिक क्षेत्र भित्ररहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि | सदस्य |
| झ) | नगरपालिकाको भौगोलिक क्षेत्र भित्ररहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| ञ) | नगर प्रहरी प्रमुख | सदस्य |
| ट) | राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनिधि | सदस्य |

| | | |
|---|---|---|
| ठ) | नेपाल रेडक्रस सोसाईटी इटहरीकाप्रमुख वा प्रतिनिधि | सदस्य |
| ड) | उद्योग वाणिज्य संघ इटहरीका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ढ) | गैर सरकारी संस्था महासंघका अध्यक्षले तोकेको स्थानीय प्रतिनिधि | सदस्य |
| ण) | नेपाल पत्रकार महासंघको नगर समितिका अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| त) | प्रभावित वडाको वडाध्यक्ष | सदस्य |
| थ) | विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख | सदस्य सचिव |

२) उपदफा (१) बमोजिमको कुनै सदस्यको पद रिक्त भए पनि समितीको काम कार्बाही गर्नमा बाधा पर्ने छैन ।

३) उपदफा (१) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितीको रुपमा समेत काम गर्नेछ ।

**४) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विपद् व्यवस्थापनको कार्यमा समितिलाई सहयोग गर्न सात जना सम्मको एक सचिवालय गठन गर्न सक्नेछ ।**

४. **समितीको बैठक सम्बन्धी व्यवस्था** : (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(३) स**मितिको सदस्य–सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना सकेसम्म चाँडो सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।**

(४) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्कालबोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा तिन जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(६) समितिको निर्णय बहुमत द्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि, विज्ञ, सशस्त्र प्रहरी वा नेपाली सेनालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समिति वा जिल्ला विपद् व्यवस्थापन समितिबाट समितिले स्वीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी नगरसभा समक्ष पेश गर्ने,

ख) नगर सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्युनिकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

ग) नगरपालिका भित्रका लागि तर्जुमा हुने सम्पुर्ण विकास निर्माणका योजनाहरु कार्यान्वयन गर्दा विपद् जोखिम न्युनिकरणका अवधारणहरुवाध्यात्मक रुपमा समावेश गर्ने गराउने,

घ) नगरपालिका बाट सन्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

ङ) विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका सम्बन्धमा नगरपालिका, वडा तथा सामुदायिक विपद् व्यवस्थापन मितिहरुको संस्थागत क्षमता विकास गर्ने, गराउने,

च) नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा जनचेतनाको अभिवृद्धी गर्ने,

छ) विपद्का घटना हुना साथ, उद्धार र राहत लगाएतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वत परिचालन हुने गरी आवश्यक मापदण्ड र कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्ने गराउने ।

ज) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानुनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगाएत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भुमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

झ) विपद्का समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

ञ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्रतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

ट) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगाएत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गर्ने, गराउने,

ठ) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

ड) नदी किनार,बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

ढ) विपद् बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुन :सञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

ण) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद् सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालन हुन वडा तथा समुदाय स्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

त) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न आवश्यक व्यवसा गर्ने ।

थ) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

द) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगाएतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने,

ध) स्थानीय स्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

न) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

प) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

फ) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

ब) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

भ) विपद्को समयमा जोखिममा रहेको समुह विशेष गरी महिला,बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतामूलक कार्यक्रम सञ्चालन गर्ने,

म) सार्वजनिक सरकारी जमिन वा खोला क्षेत्रमा बनेका संरचनाका कारण विपद् जोखिम हुने भएमा त्यस्तो संरचना हटाउन आवश्यक कार्य गर्ने,

य) विपद् प्रभावितहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आयआर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

र) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

ल) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

व) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्था सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

श) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकाय सँग समन्वय गर्ने,

ष) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र नगरसभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

स) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुननिर्माण र पुनलार्भका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार कार्य गर्ने, गराउने ।

ह) नगर वडा तथा समुदायिक विपद् व्यवस्थापन समितिहरुको मातहतमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धी काम गर्न आवश्यक स्वयंसेवक समुहहरु गठन गरी त्यस्ता समुहको सदस्यहरुलाई विपद् प्रतिकार्य तथा पूर्वतयारी सम्बन्धी सिप दक्षता अभिवृद्धी गरी परिचालन गर्ने गराउने ।

क्ष) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद - ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**६. वडास्तरीय विपद् व्यवस्थापन समितिः** (१) नगरपालिकाको प्रत्येक वडामा देहा वमोजिमको एक वडा स्तरीय विपद् व्यस्थापन समिती रहनेछ ।

| | |
|---|---|
| (क) वडाअध्यक्ष | संयोजक |
| (ख) वडासदस्यहरु | सदस्य |
| (ग) वडा भित्ररहेका विषयगत शाखा र ईकाई कार्यालय प्रमुख | सदस्य |
| (घ) वडा भित्र रहेकासुरक्षा निकायका प्रमुख | सदस्य |
| (ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडा स्थित प्रमुख वा प्रतिनीधी | सदस्य |
| (च) स्थानीय रेडक्रस सोसाईटीको प्रमुख वा प्रतिनिधी | सदस्य |
| (छ) गैरसरकारी तथा सामुदायमा आधारति संधसंस्था तथा युवाक्लब मध्येबाट संयोजकले तोके बामोजीम न्यूनतम दुई जना महिला सहित चार जना | सदस्य |
| (ज) वडा सचिव | सदस्य सचिव |

(२) उपदफा (१) वमोजीमको समितिको वैठक समितिको संयोजकले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

३) समितीको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबिस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

४) समितीको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक खङ्ख्या पुगेको मानिनेछ ।

५) उपदफ (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो बैठकमा संयोजक र घटीमा दुई जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

६) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

७) समितिको निर्णय बहुमत द्धाराहुनेछ र मत बराबर भएमा संयोजकले निर्यायक मत दिनेछ ।

८) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

९) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गनरे वामोजिम हुनेछ ।

१०) समितिको निर्णय सदस्य सचिवले प्रमाणीत गरी राख्नेछ ।

**७. वडा स्तरीय विद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धि कार्यक्रम संचालनका लागि नगर विपद् व्यवस्थापन समितिलाई सिफारीस गर्ने तथा सो समितिबाट स्वीकृत निति तथा योजना अनुरुपका विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियापलापहरु कार्यान्वयन गर्दाविपद् जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरु संचालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवथापन योजना अपतकालिन कार्ययोजना, पुनः स्थापना तथा पुनर्निर्माण योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) वडा भित्रको विभिन्न समुदायहरुमा विपद् जोखिम न्यूनिकण्रण तथा व्यवस्थापन सम्बन्धि कामगर्ने सम्बन्धित वडा सदस्यको संयोजकत्वमा सामुदायीक विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिको गठन गरी पचिालन गर्ने गराउने,

(च) वडा सदस्यहरु, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरीक समाजका प्रतिनिधीलाई विपद् व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि गर्ने,

(छ) वडाका स्थानीय समुदायलाईविपद् प्रति जागरुक बनाउने विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमागर्ने तथा विपद्को घटना हुनासाथप्रतिकार्यका लागी तयारी अवस्था राख्ने,

(ज) विपद्का घटना हुनसाथ खोज, उद्धार र राहात गायतका प्राथमिक कार्यहरु तत्काल गर्नका लागि समन्वय गरी कार्यान्वयन गर्ने,

(झ) आपतकालिन नमुना अभ्यास गर्ने, गराउने,

(ञ) विपद् प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र नगर विपद् व्यवस्थापन समितिलाइ सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालिका, किशोरी, अपाङगता भएका व्यक्ति उपर हन सक्ने -लैङ्गिीक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण रोकथामको लागी विशेष सर्तकता अपनाई सचेतनामूलक कार्यक्रम संचालन गर्ने,

(ठ) नगर वपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्स्थापन सम्बन्धि अन्य कार्य गर्ने, गराउने,

(ड) आफ्नो वडा भित्र निजि ताथा सार्वजनिक घर भवनहरु निर्माणमा राष्ट्रिय भवन निर्माण संहिता पूर्ण रुपमा कार्यान्वयन गर्न सहजिकरण गर्ने गराउने ,

(ढ) समितिले तोकेको अन्य कार्य गर्ने ।

(२) वढा विपद् व्यवस्थापन समितिको कोषको स्थापना र सञ्चालन नगर विपद् व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद -४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८.सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** सुरक्षा निकायको सहयोग समन्वय र परिचालन देहाय बमोजिम हुनेछ ।

(क) नगर कार्यापालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघिय तथा प्रादेशीक सुरक्षा निकायहरुसँग सहयोग र समान्वय गर्नेछ,

(ख) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर कार्यपालिकासँग आवश्यक सामाग्री माग गरेको अवश्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री समितिले तत्काल उपलब्ध गराउने,

(ग) विपद् प्रतिकार्यका लागि समितिले नगरपालिकासँग रहेको नगर प्रहरलिाई परिचालन गर्ने

**९. वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकाय वा संस्थाको काम कर्तव्य र अधिकारः**वारुणयन्त्र तथा अन्य सेवाप्रदायक निकाय वा संस्थाको काम देहाय बमोजिम हुनेछ ।

(क) वारुणयन्त्र, एम्बुलेनस तथा त्यस्तै अन्य सेवा प्रदायकले आपतकालिन खोज, उद्धार तथा राहात उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(ख) आपत्कालीन कार्य सम्पादन गर्दासमितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

**१०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व :** विपद्को समयमा सार्वजनिक संस्था वा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ ।

क) नगरपालिका क्षेत्रभित्रका भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्थागर्ने,

ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा समितिको आदेशानुसार उपलब्ध गराउने,

च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अपनाउने,

झ) विपद्को घटना घटेमा तत्काल नजकिको सुरक्षा निकाय र नगरपालिकाको आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई खबर गर्ने ।

२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाकोविपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही समितिको निर्देशन बमोजिम विपद् व्यवस्थापन योजनको तर्जुमा गरी अनिवार्य रुपमा लागू गर्नु पर्नेछ ।

**११. विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने :** नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घसंस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ :

क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने,

ङ) आवश्यक सम्भव भएसम्मको आर्थिक, भौतिक र अन्य सहयोग गर्ने ।

## परिच्छेद ५

## विपद् व्यवस्थापनकोष सम्बन्धी अन्य व्यवस्था

**१२) गलत प्रचार गर्न नहुने :**कुनै व्यक्ति, संस्था वा सञ्चार माध्यमले विपद्को समयमा अनावश्यक भ्रमपूर्ण र समाजलाई आतंकित गर्ने, नभएको विषयलाई भएको भनि कुनै पनि माध्यमबाट प्रचार प्रसार गर्ने गराउने कार्य गर्नु हुँदैन ।

**१३. कोषसम्बन्धी व्यवस्था**(१) विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि नगर विपद् व्यवस्थापन समितिले सञ्चालन गर्ने गरी एक कोष रहनेछ ।

(२) उपदफा (१)बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछन् :

क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

घ) स्वदेशी कुनै सङ्घसंस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

ङ) अन्य कुनै स्रोतबाट प्रचलित कानुन बमोजिम प्राप्त रकम ।

३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गरी प्राप्त रकम,

४) कोषको सञ्चालन यस ऐन बमोजिमको समितिले निर्णय गरे अनुसार हुनेछ ।

५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कोष बाहेक अन्यत्र खर्च गरिने छैन ।

६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम कुनै पनि नियमित प्रशासनिक कार्यको लागि खर्च गरिनेछैन ।

७) कोषको आन्तरकि तथा बाह्य लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यापालिका मार्फत बजेट अवधिवेशन सँग सम्बन्धित नगरसमा समक्ष पेश गर्नेछ ।

## परिच्छेद - ६

## विविध

**१४. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :** (१) नेपाल सरकारले नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलति कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकापालिकाले सहयोग र समन्वय गर्नेछ ।

**१५. नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नुपर्ने :** (१) विपद्‌बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी समितिले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्ता नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराउनुपर्नेछ ।

**१६. मानवीय तथा अन्य सहायता र समन्वय :** (१) नगरपालिका भित्र उत्पन्न विपद्‌को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि प्रदेश सरकार तथा नेपाल सरकार तथा संघसंस्था, प्रतिष्ठानलाई अनुरोध गर्न सकिनेछ ।

(२) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु समितिको दायित्व हुनेछ ।

**१७. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :** (१) विशेष परिस्थिति परी विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेका विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम समितिले सोझै खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

(२) विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि नगरपालिकापालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल-अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा अभिलेख राखि निश्चीत अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न समितिले निर्णय गरी लागु गर्न सक्नेछ ।

(३) विपद्‌बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघसंस्था र व्यवसायीको खाद्यान्न, लत्ताकपडा, औषधि वा अन्य वस्तु आवश्यक भएमा सो को अभिलेख राखी समितिको निर्णयले नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रुपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर बमोजिमको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यवसायीलाई समितिको निर्णय बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

**१८. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था :** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक श्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सो को आधारमा राहत उपलब्ध गराउनेछ र मापदण्ड स्वीकृत नहुँदासम्म समितिको निर्णय बमोजिम राहत उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ :–

(क) विपद्‌बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्‌बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्युनतम राहत,

(ग) महिला, बालबालिका,जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किटरचिल्ड्रेन किट) महिलाहरुको लागि सुरक्षित महिला मैत्री स्थल र उपकरण र अन्य अन्तन्तै जरुरी सामाग्री

(घ) व्यक्तिगत गोपनिएता तथा सुरक्षा सम्बन्धी विषय

(ङ) न्युनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी विषय

(च) गैरसरकारी वा व्यक्तिगत रुपमा दिइने राहतको वितरण सम्बन्धी विषय

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी विषय

(ज) राहत सँग सम्बन्धीत अन्य उपयुक्त विषय

१९. **एकद्वार प्रणाली सम्बन्धी विशेष व्यवस्था**ः यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि विपद्‌को समयमा प्राप्त हुने तथा वितरण गरिने राहत तथा सहयोग प्राप्त गर्दा वा वितरण गर्दा समितिको कार्यालयमा अभिलेखीकरण एवम् समन्वय गरी एकद्वार प्रणालीबाट गर्नुपर्नेछ ।

२०. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा** : विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रुपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

२१. **निर्देशन दिन सक्ने:**समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै संस्था, व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२२. **उपसमिति गठन गर्न सक्ने** :(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

२) उपदफा १) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यावधि उपसमिति गठन गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **अभिलेख राख्नु पर्ने** : १) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईको राहत तथा सो को परिणाम सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्नेछ ।

२) उपदफा १) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगाएतको संख्या एकिन हुने विवरण र उनीहरुको उपलब्ध गराइएको राहत स्पष्ट रुपमा राख्नु पर्नेछ ।

२४. **पुरस्कार दिन सक्ने** : स्थानिय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप समितिको सिफारिसमा नगरकार्यपालिकाले सम्मान तथा पुस्कार दिन सक्नेछ ।

**२५. वार्षिक प्रतिवेदन** : (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेका कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफ (१) वमोजिकको वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा समेत प्रकाशन गर्नु पर्नेछ ।

**२६. प्रशासनीक खर्च व्यवस्थापन** : समितिको बैठक तथा प्रतिवेदन तयार लगायतका कार्यसँग सम्बन्धि न्युनतम प्रशासनीक खर्च कार्यपालिकाले व्यवस्था गर्नेछ ।

**२७. सजाय सम्बन्धि व्यवस्था** : यस ऐनको दफा ९ को उपदफा (१०) र (११) वामेजिम गर्नु पर्ने कार्य नगरेमा सहयोग र समान्वय गर्न इन्कार गरेमा भ्रमपूर्ण प्रचार गरेमा समितिले त्यस्तो व्यक्तिलाई

पचास हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ र त्यस्तो कुनै कार्य नेपाल सरकार वा प्रदेश सरकार वादी हुने फौजदारी कसुर भएमा सम्बधित निकायलाई लेखि पठाउनेछ ।

२८. **अधिकार प्रत्यायोजन :** यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम बामोजिक समितिलाई प्राप्त हुने तथा अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार समितिको संयोजक तथा तोकिएको सदस्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

२९. **बचाउ :** यो ऐन प्रारम्भ हुनुभन्दा अघि यस ऐन बमोजिम गर्नुपर्ने काम कारवाही भए गरेको भए त्यस्तो काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

३०. **नियम बनाउने अधिकार :** नगर कार्यपलिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ ।